# लैङ्गिक हिंसा विरुद्धको १६ दिने राष्ट्रिय अभियान
# राजनीतिमा लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हक विषयक राष्ट्रिय गोष्ठी

कार्यक्रम सञ्चालन मिति : २०७९/०८/२१
होटल मल्ल, काठमाडौं

**प्रतिवेदक :**
शाखा अधिकृत हरिहर कार्की

राष्ट्रिय सूचना आयोग

## परिचय

नागरिकले आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने संवैधानिक अधिकारको



संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने पवित्र उद्देश्यले राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो ।सूचनाको हकलाई नेपालको संविधानको धारा २७ मा मौलिक हककै रूपमा परिभाषित गरी यसको महत्वलाई स्पष्ट पारिएको छ । यो विषयलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले समेत आत्मसात् गरेको छ । संविधान र ऐनका यी भावनालाई योजनाबद्ध रूपले कार्यान्वयन गर्दै जानु हरेक सार्वजनिक निकायको कर्तव्य हो । नागरिकको सुसूचित हुने हकलाई संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने मूल उद्देश्यका साथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ। यो ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरेको छ ।

लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान चलिरहेको सन्दर्भमा अभियान प्रति ऐक्यवद्धता पुरा गर्न राष्ट्रिय सूचना आयोगले राजनीतिमा हुने लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हक विषयक राष्ट्रिय गोष्ठी मिति २०७९ मंसीर २१ गते होटल मल्ल काठमाडौंमा आयोजना गरेको थियो । नेशनल डेमोक्रेसी इन्स्टिच्युट,नेपालको सहयोगमा आयोजना गरिएको उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा महिला २७ र पुरुष ३९गरी जम्मा ६६ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो । प्रमुख अतिथिको आशन ग्रहण माननीय महिला ,बालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मीले गर्नुभएको थियो । कार्यक्रममा सूचना आयोगका सूचना आयुक्तज्यूहरु आयोगका सचिवज्यू, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु,सञ्चारकर्मीहरु र आयोगका कर्मचारीहरु उपस्थिति रहेको थियो । कार्यक्रमको शुरुवात राष्ट्रिय गान वाट गरिएको थियो ।

**स्वागत मन्तव्य : श्री दिवस आचार्य, सचिव, राष्ट्रिय सूचना आयोग**



हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अन्तराष्ट्रिय रुपमा मनाईंदै आइएको लैङ्गिक हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्धारा आयोजित राजनीतिमा हुने लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हक विषयक राष्ट्रिय गोष्ठीमा आयोजित कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा राष्ट्रिय सूचना आयोगका तर्फवाट आयोगका सचिव दिवस आचार्यले स्वागत मन्तव्य राख्ने क्रममा महिला अधिकार र महिला मुक्तिका आवाज उठ्ने राजनीतिक क्षेत्रमा समेत महिला हिंसा हुने गरेको, महिलालाई राज्य र दलहरुले ३३ प्रतिशत प्रतिनिधित्वमा सहभागिता भनिए पनि अधिकांश स्थानमा अवसर नदिएको प्रशस्त उदाहरणहरु छन भर्खरै सम्पन्न आम निर्वाचन र त्यसको परिणामलाई हेर्दा पनि यो कुरा प्रष्ट हुन्छ भन्ने भनाई राख्दै महिला र पुरुष समान हुन र समान हुनुपर्छ भनेर समाज र मुलुक परिवर्तन गर्न लागेका महिला माथि नै हिंसा हुन राम्रो कुरा होइन । विगतमा भएको संविधान सभामा महिलाको उपस्थिति ४० प्रतिशत रहे पनि यो घट्दो क्रममा रहेको छ यसलाई सवैले गंभीर रुपमा लिनु पर्ने देखिन्छ भन्दै राजनीतिमा हुने लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हक विषयक राष्ट्रिय गोष्ठीमा उपस्थित भएकोमा उपस्थित हुनुहुने सम्पूर्ण महानुभावलाई स्वागत गर्दै अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागिताका लागि समेत अनुरोध गर्नु भएको थियो ।

**प्रमुख अतिथिज्यूबाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन**

कार्यक्रमलाई एक समारोहका वीच प्रमुख अतिथि माननीय महिला वालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मीले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो ।



**कार्यपत्र प्रस्तुतीः**

**राजनीतिमा स**क्रिय **महिला विरुद्ध हुने हिंसा विषयमा : पानस साउथ एसियाका तर्फबाटः श्री इन्जिना पन्थी**

कार्यपत्र प्रस्तुतीका क्रममा साउथ एशिया र एनडीआईको सहकार्यमा राजनीतिमा सक्रिय महिला विरुद्ध हुने हिंसा विषयमा अध्ययन गरिएको प्रतिवेदनलाई प्रस्तुत गरिएको थियो । उक्त प्रतिवेदन तयारीका क्रममा अध्ययन गर्दा फेसबुक र ट्यूटरबाट तथ्यांकहरु लिइएको, म्यासेन्जरका माध्यमवाट हुने गालीहरु बढी रहेको, यसका अतिरिक्त महिलाले लगाउने पहिरन र शरीर केन्द्रित हिंसाहरु पनि हुने गरेको पाइएको भनाइ राख्नु भयो । यस किसिमका हिंसाहरु पहिचान लुकाइएका एकाउन्टवाट बढी हुने गरेको, सत्य तथ्य भन्दा पनि भ्रामक विषयहरुलाई लिएर हिंसा गरिने गरेको तसर्थ कसरी सही सूचनाको सुनिश्चितता गर्न सकिन्छ र राष्ट्रिय सूचना आयोगले पनि सही सूचनाको जाँच गर्ने कार्यमा केही भूमिका खेल्न सके राम्रो हुने भनाई राख्दै  गलत र भ्रामक सूचनाहरु दिएर गरिने हिंसा र त्यसवाट हुने नोक्सानीको क्षतिपूर्तीका लागि कानूनी रुपमा कसरी कार्य गर्न सकिन्छ त्यसतर्फ पनि कदम चाल्नु जरुरी हुने बताउनु भयो ।

**नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने अनलाइन हिंसाको अवस्था विषयमा :पर्पल फाउण्डेशनका तर्फबाट :श्री निला शर्मा**

नेपालको संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । यद्यपी राजनीतिमा महिलाहरुको पहुँच अझै पनि अर्थपूर्ण हुन सकेको छैन । विभिन्न तथ्य,स्रोत तथा घटनाहरुले राजनीतिमा लैंगिक हिंसा व्याप्त रहेको तथ्यहरु बेलाबेलामा उजागर भइरहन्छन । केही बर्षयता सूचना र अनलाइन माध्यमद्धारा राजनीतिमा भ्रामक,मिथ्या समाचार र घृणास्पद अभिव्यक्तिहरु व्यापक भएको पाइएको छ । त्यसैले

राजनीतिमा हुने अनलाइन लैंगिक हिंसा सम्बन्धि बुझाइ,यसको व्यापकता,यसले व्यक्तिको व्यक्तिगत,राजनीतिक जीवन र सहभागिता माथि पार्ने प्रभाव र समावेशी लोकतन्त्र संगको यसको सम्बन्धलाई मापन, विश्लेषण र अभिलेखिकरण गर्न यस सम्बन्धि अनुसन्धानले मद्दत गर्ने गर्दछ। पर्पल फाउण्डेशनद्धार गरिएको यस अध्ययनले राजनीतिमा लैंगिक हिंसा व्याप्त रहेको तथ्यलाई उजागर गरेको छ । यस किसिमका हिंसाहरु महिला र त्यस भित्र पनि सिमान्तकृत वर्ग र समूदायबाट राजनीतिमा सक्रियहरुमा अझै बढी रहेको पाइएको छ । राजनीतिक रुपमा जति माथिल्लो तहमा पुग्यो त्यतिनै अनलाइनमा हुने हिंसामा बृद्धि हुने र यसलाई सामाजिक संरचना, शिक्षा, उमेर, राजनीतिक सक्रियता आदि कुराले प्रभाव पार्ने तथ्य अनुसन्धानमा देखिएको थियो । निर्वाचनका समयमा अनलाइनमा हुने हिंसा अन्य समयमा भन्दा बढी हुने र मिथ्या,भ्रामक समाचार, घृणाजन्य अभिव्यक्तिद्धारा महिला उम्मेदवार माथि प्रहार गरिने र निर्वाचनको बेलामा हुने हिंसामा विपरित राजनैतिक पार्टी सक्रिय रहेको पाइएको छ । सञ्चारमाध्यममा आधारहीन समाचारहरु आउने, तिनको तथ्य जाँच नगरी समाचार सम्प्रेषण गरिने,महिला नेतृहरुलाई समाचारको प्राथमिकतामा राख्ने गरेको नपाइएको । अन्तमा कार्यपत्रको प्रस्तुतीको क्रममा राजनीतिमा हुने लैंगिक हिंसालाई संवोधन गर्न राजनीतिक दलहरु संवेदनशील हुनुपर्ने अन्यथा यो विषय लोकतन्त्र माथिकै गम्भीर चुनौती हुने बताउनु भयो ।

## राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओलीबाट टिप्पणी

सूचना आयुक्त कमला ओलीले १६ दिने लैंगिक हिंसा विरुद्धको दिवसको चर्चा गर्दै आजको दिन मनाउन महिलाहरुले ठूलो वलिदान दिनु परेको,राजनीतिमा हुने हिंसाले गर्दा संविधान र कानूनले प्रत्याभूत गरेको कुराहरु पनि महिलाहरुले प्राप्त गर्न नसकेको अवस्था छ । लिङ्गको आधारमा गरिने भेदभाववाट नै हिंसाको शुरुवात हुने आर्थिक रुपले जवसम्म महिलालाई अगाडि ल्याउन सकिन्न तवसम्म महिला हिंसाको



अन्त्य हुन नसक्ने, कानून प्रयाप्त भएपनि कार्यान्वयनको पाटो कमजोर हुनाले महिलाले प्राप्त गर्ने उपलब्धी हासिल हुन नसकेको अवस्था छ। सूचना विना व्यक्तिगत स्वतन्त्रताको उपभोग गर्न सकिदैंन राजनीतिमा हुने लैंगिक हिंसा न्यूनीकरणमा समेत सूचनाको हक अत्यन्तै महत्वपूर्ण रहको कुरा व्यक्त गर्नुभएको थियो।

**खुला छलफल**

**नवराज न्यौपाने**

महिलाहरुमाथि सामाजिक संजालबाट हुने गालीगलौज रोक्न ट्यूटर लगायतका निकाय संग पहल गर्नु उपयुक्त हुने ।

**आस्था राई, उपाध्यक्ष नेपाल वार**

राजनीतिमा हुने लैंगिक हिंसा न्यूनीकरणका लागि सो सम्बन्धी कानून निमार्ण हुनुपर्ने ।

**प्रमुख अतिथि माननीय महिला ,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रीज्यूको मन्तव्य**



कार्यक्रममा प्रमुख अतिथि माननीय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मीज्यूले महिला हिंसा न्यूनीकरणको लागि माउ नीतिको रुपमा रहेको राजनीतिले हस्तक्षेपकारी नीति लिनुपर्ने, आर्थिक अधिकारमा महिलाको पहुँच बढाउनु पर्ने, खर्चिलो निर्वाचन प्रणाली सुधार गर्नुपर्ने, सञ्चारमाध्यमहरुलाई महिला मैत्री बनाउँदै थप जिम्मेवार र सशक्त बनाउनु पर्ने लगाएतका कुरा व्यक्त गर्दै संञ्चार माध्यमले महिलाको वारेमा समाचार सम्प्रेषण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्ने हिंसालाई बढावा दिने वा न्यूनीकरण गर्ने भन्नेमा सञ्चार जगतको समेत विशेष महत्व हुने कुरा बताउनु भएको थियो ।

**अध्यक्षको समापन मन्तव्य : श्री महेन्द्रमान गुरुङ, प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग** कार्यक्रमका अध्यक्षवाट समापन मन्तव्य  राख्ने क्रममो लैगिक हिंसा विरुद्धको १६ दिने अभियान  विश्वभर चलिरहेको सन्दर्भ पारेर आयोगले यो कार्यक्रम आयोजना गरेको कार्यक्रम अत्यन्तै राम्रो र उपलब्धीमूलक रहेको,



कार्यक्रममा राजनीतिमा लैंगिक हिंसाको अवस्था के छ र यसको सूचनाको अवस्था के छ भन्ने सन्दर्भमा विभिन्न विचारहरु प्रस्तुत भएका छन । १९९० देखिनै यो अभियान शुरु भएता पनि आज पर्यन्त हिंसाको क्रम रोकिएको छैन यो अहिले पनि बढ्दो क्रममा छ ।  ३१ वर्षको अभियान पछि पनि हामी गर्व गर्न लायक अवस्थामा नहुनु अत्यन्तै दुःखको कुरा हो । महिलाहरु माथि FAKE ID बनाएर समेत हिंसा गरिने गरिएको समाचारहरु हामीले बारम्बार सुन्नु परेको छ जसलाई हाम्रा प्रविधिले पनि पत्ता लगाउन गाह्रो भैरहेको छ । हरेक घर, कार्यालय र समाजवाट महिलाहरुले कुनै न कुनै हिंसाको सामना गर्नु परिरहेको अवस्था छ त्यसका लागि हामी सवैले शसक्त प्रतिरोध गर्नु आवश्यक छ । निर्वाचन, आर्थिक संकट र महामारीका वेला अझै लैंगिक हिंसाका घटनाहरु बढ्ने गरेको पाइन्छ । राजनीतिमा हुने लैंगिक हिंसा न्यूनीकरणका लागि प्रत्येक राजनैतिक दल र ती दलका शीर्ष नेताहरुका अतिरिक्त निर्वाचन आयोगले समेत सशक्त भूमिका खेल्नु उतिकै जरुरी छ। राज्यका सवै तह र पेसा व्यवसायमा रहेका महिला माथिको हिंसा बढ्दै जानु चिन्ताको विषय रहेको बताउनु हुँदै यसको अन्त्यका लागि हामी सवैले मन वचन र कर्मबाटै आफूलाई सुधार्नु जरुरी छ भन्नु भएको थियो ।